## विषय - सूची


| एकाइ | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **एकाइ-एक** | **हाम्रो गुलरिया** | **१** |
| पाठ १ | : गुलरिया नगरपालिकाको भौगोलिक अवस्थिति | २ |
| पाठ २ | : गुलरिया नगरपालिकामा रहेका मुख्य-मुख्य सडकहरु | ४ |
| पाठ ३ | : हाम्रा सामुदायिक वनहरु | ८ |
| **एकाइ-दुई** | **हाम्रो संस्कार, संस्कृति र परम्परा** | **१०** |
| पाठ १ | : असल, खराब बानी | ११ |
| पाठ २ | : स्थानीय धार्मिक सम्पदाहरू | १३ |
| पाठ ३ | : भाषा र भेषभूषा | १६ |
| पाठ ४ | : हाम्रो लोकबाजाहरु | १८ |
| पाठ ५ | : नगर भित्र बोलिने भाषाहरू | २० |
| पाठ ६ | : नगर भित्रका समुदायले लगाउने पोसाकहरु | २२ |
| **एकाइ-तीन** | **स्थानीय पेसा व्यवसाय र प्रविधि** | **२४** |
| पाठ १ | : हाम्रो पेसा व्यवसाय र प्रविधि | २५ |
| पाठ २ | : हाम्रो कृषि | २८ |
| पाठ ३ | : स्थानीय हाट बजार | ३० |
| **एकाइ-चार** | **हरियाली विद्यालय र स्वच्छ नगर** | **३२** |
| पाठ १ | : हरियाली र स्वच्छ वातावरणको परिचय | ३३ |
| पाठ २ | : विद्यालयमा बगैंचाको आवश्यकता र महत्व | ३५ |
| पाठ ३ | : फोहोर मैलाको बर्गीकरण र व्यवस्थापन गर्ने तरिका | ३७ |
| पाठ ४ | : घर र विद्यालयको सरसफाइमा सहयोग | ४० |
| पाठ ५ | : घर विद्यालयमा पानीका स्रोतको उपयोग | ४२ |
| **एकाइ-पाँच** | **विपद् सावधानी र सुरक्षा व्यवस्थापन** | **४४** |
| पाठ १ | : विपद् र यसका स्वरुपहरू | ४५ |
| पाठ २ | : बाढी आउने कारणहरु | ४७ |
| पाठ ३ | : आगलागीका कारणहरु | ४९ |
| पाठ ४ | : सडकमा बनाइएका सङ्केतहरुको अर्थ र प्रयोग | ५१ |
| **एकाइ-छ** | **हाम्रो सम्पदा** | **५२** |
| पाठ १ | : हाम्रा सम्पदा | ५३ |
| पाठ २ | : स्थानीय सम्पदा | ५५ |
| पाठ | : कृष्णसार संरक्षण क्षेत्र | ५७ |

## अभ्यास :

### १) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) वडा नम्वर १ मा भएको सामुदायिक वनको नाम के हो ?

ख) गौतमबुद्ध सामुदायिक वनको उत्तरपट्टि के छ ?

ग) सामुदायिक वनका तीनओटा फाइदाहरू के -के हुन ?

घ) गौतमबुद्ध सामुदायिक वनमा पाइने पाँचओटा जनावरहरूको नाम लेख्नुहोस् ।

### २) जोडा मिलाउनुहोस् :

| समुह "क" | समुह "ख" |
|---|---|
| क) सामुदायिक वनबाट | गौतमबुद्ध अयोध्याफाँटा |
| ख) वनले दिने प्रमुख तत्त्व | घाँस, दाउरा |
| ग) सामुदायिक वनमा पाइने जनावर | हुलाकी राजमार्ग |
| घ) वडा नम्वर १ को सामुदायिक वन | अक्सिजन |
| ङ) गौतमबुद्ध अयोध्याफाँटाको दक्षिणमा | चितुवा, खरायो |

## सिर्जनात्मक कार्य :

तपाईंको वडाभित्र रहेका सामुदायिक वनहरूको नाम सोधपुछ गरी ल्याउनुहोस र कक्षामा सुनाउनुहोस् ।

## शिक्षकलाई निर्देशन :

बालबालिकाहरूलाई पाठमा उल्लिखित विषयको सिकाइ गराउँदा विद्यालय रहेको वडा वा आ-आफ्नो वडाका माथि उल्लेखित सबै सामुदायिक वनहरू खोजी गराउने वा विद्यालय नजिक अवस्थित सामुदायिक वनक्षेत्रको भ्रमण गराई जानकारी दिएमा उपयुक्त हुनेछ ।

# नगरभित्रका समुदायले लगाउने पोसाकहरू



मधेसी



ब्राह्मण क्षेत्री



थारु



मगर



गुरुङ



मुसलमान

**नगरभित्रका समुदायअनुसारका भेषभूषाहरूको सूची**

| क्र.सं. | जातजाति | भेषभूषा |
|---|---|---|
| १. | मधेसी | कुर्ता, लुङ्गी, पाइजामा, कमिज, धोती, साडी, ब्लाउज |
| २. | पहाडी (ब्राह्मण/क्षेत्री) | दौरा, सुरवाल, इस्टकोट, ढाकाटोपी, गुन्यु, चोलो, साडी, ब्लाउज |
| ३. | थारु | मर्दानी धोती, कमिज, भेगुवा, गोन्या, चोली, लेहेङ्गा, अघ्रान |
| ४. | मगर | गुन्यु, चोलो, पटुका, घलेक, कछाड, भोटो, गादो, ढाकाटोपी, इस्टकोट |
| ५. | मुसलमान | कुर्ता, सुरवाल, लुङ्गी, बुर्का, नकाब, पाइजामा, |

**प्रश्नहरु :**

क) थारु जातिले लगाउने दुईओटा भेषभूषाको नाम लेख्नुहोस् ।

ख) पहाडी समुदायका मानिसले लगाउने दुईओटा भेषभूषाको नाम लेख्नुहोस् ।

ग) मधेसमा बस्ने मानिसले लगाउने दुईओटा भेषभूषाको नाम लेख्नुहोस् ।

घ) मगर जातिले लगाउने दुईओटा भेषभूषाको नाम लेख्नुहोस् ।

ङ) मुसलमान जातिले लगाउने दुईओटा भेषभूषाको नाम लेख्नुहोस् ।

# पाठ ९

## बाढी आउने कारणहरू



चित्र १



चित्र २

**माथिको चित्रमा के देख्नु हुन्छ ?**

लगातार दुई दिनको वर्षाले बबई नदीमा आएको बाढीका कारण गुलरिया नगरपालिकाका धेरै गाउँबस्ती जलमग्न भएका थिए । मानिस, पशुपन्छी, घर, सडक, र खेतीपातीमा बाढीले नराम्रोसँग प्रभाव पारेको थियो । ती ठाउँमा बाढीका कारण निकै कष्टकर अवस्था देखिन्थ्यो ।

सरीताका बाबु छोरी पनि बाढीको अवलोकन गर्न बालापुर गाउँतिर जाँदै थिए । बाटोमा पर्ने घर, सडक, खेतीपाती सबै ठाउँ पानीले भरिएको थियो । यो दृष्य देखेर निकै दुःखी भएकी सरीताले आफ्नो बुवासँग गरेको कुराकानी तल दिइएको छ :

छोरी : बुवा यो बाढी कसरी आउँछ होला ?

बुवा : छोरी ! अत्यधिक पानी परेपछि नदीमा पानीको सतह बढ्न जान्छ र बाहिर गाउँघरतिर पानी पस्छ अनि बाढी आउँछ ।

छोरी : यस्तो बेला मानिस कहाँ बस्छन् होला बुवा ?

बुवा : यस्तो बेला पानी नपसेको अलि सुरक्षित ठाउँको खोजी गरेर मानिसहरु बस्छन् छोरी । जस्तै : विद्यालय तथा अन्य सुरक्षित ठाउँहरूमा गएर बस्छन् ।

छोरी : बुवा ! के कारणले बाढी आउँछ होला ? मलाई त जान्न मन लाग्यो ।

बुवा : सुन ! बाढी आउने धेरै कारणहरू छन् । त्यसमध्ये धेरै समयसम्म ठूलो पानी पर्‍यो, हिमालबाट हिउँ पग्लेर नदीमा मिसियो, वन विनाश धेरै भयो भने बाढी आउँछ । अनि पहिरो तथा

हिमतालहरू फुटे भने पनि बाढी आउँछ छोरी । नदीमा अनावश्यक बाँधहरू लगाएर, भू-क्षय भएर पनि बाढी आउन सक्छ । यस्ता अरु पनि कारणहरु हुन सक्छन् ।

छोरी : ए ! नदी किनारमा वृक्षारोपण भएन भने पनि बाढी आउँछ होला हगि बुवा ?

बुवा : हो त नि ! तिमीले पनि कुरो बुझिसकिछौ । यस्ता कुरामा हामी अलि चनाखो भयौं भने बाढीलाई रोक्न नसके पनि यसबाट बच्न र जोखिमलाई कम गर्न सक्छौँ छोरी ।

छोरी : हो त नि बुवा, अब घर फर्कौं क्यारे ! जता हेरे पनि पानी नै पानी छ ।

बुवा : ल हुन्छ । हिँड अब घर फर्कौं ।

**अभ्यास :**

**१. तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) बाढी भनेको के हो ?

ख) बाढी आउने दुई कारणहरू लेख्नुहोस् ?

ग) सरीताका बाबु छोरी बाढी हेर्न कहाँ गए ?

घ) बाढीले गाउँवस्तीहरूको अवस्था कस्तो बनाएको थियो ?

**२. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| क) धेरै समयसम्म पानी पर्नु | पहिरो |
| ख) हिमालबाट हिउँ पग्लनु | वन विनास |
| ग) पहाडबाट ढुङ्गा माटो तल खस्नु | हिमस्खलन |
| घ) जङ्गलका रुखबिरुवा नष्ट गर्नु | अतिवृष्टि |

**३. बाढी आउने कारणहरूको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।**

